**अनुसूची-१ (ख)**

## (नियम १७ सँग सम्वन्धित)
## पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## प्राज्ञिकतर्फ न्यूनतम योग्यता

(१) शिक्षण सहायक - सम्वन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको ।

(२) लेक्चरर - सम्वन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

(३) सहायक प्राध्यापक - (क) सम्वन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) सम्वन्धित फिल्डमा कम्तीमा दुई बर्षको अनुभव प्राप्त,

(ग) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा एक प्रकाशनमा मुख्य लेखकको रुपमा भएको ।

वा

(क) मान्यता प्राप्त सम्वन्धित शिक्षण संस्थामा समान पदमा काम गरी सकेको हुनु पर्ने ।

वा

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट आधारभूत विज्ञानमा विद्यावारिधी प्राप्त गरेको,

(ख) सम्वन्धित बिषयमा मुख्य लेखकको रुपमा रही कम्तीमा दुईवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको ।

वा

(क) स्नातकोत्तर तह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट जस्तैः MCh/DM आदि मुख्य बिषयमा डिग्री प्राप्त गरेको,

(ख) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा एक प्रकाशनमा मुख्य लेखकको रुपमा भएको ।

(४) सह-प्राध्यापक - (क) कम्तीमा चार बर्षसम्म सहायक प्राध्यापक भई काम गरेको,

(ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा सहायक प्राध्यापक भई कम्तीमा तीन प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको ।

(ग) सहायक प्राध्यापक पदमा कार्य गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको,

(घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

वा

(क) स्नातकोत्तर तह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट जस्तैः MCh/DM आदि मुख्य बिषयमा डिग्री प्राप्त गरेको,

(ख) कम्तीमा दुई बर्षसम्म सहायक प्राध्यापक भई काम गरेको,

(ग) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा सहायक प्राध्यापक भई कम्तीमा एक प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको,

(घ) सहायक प्राध्यापक पदमा कार्य गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको,

(ङ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

वा

(क) मान्यता प्राप्त सम्वन्धित शिक्षण संस्थामा समान पदमा काम गरी सकेको हुनुपर्ने ।

वा

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट आधारभूत विज्ञानमा विद्यावारिधी प्राप्त गरेको,

(ख) विद्यावारिधी प्राप्त गरी अनुसन्धान सहयोगी वा सो सरहको पदमा कम्तीमा चार बर्ष सम्म काम गरेको,

(ग) सम्वन्धित बिषयमा कम्तीमा छ वटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा कम्तीमा चारवटा प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको,

(घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

वा

(क) मान्यता प्राप्त सम्वन्धित शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको,
(ख) कम्तीमा ६ बर्ष स्नातकोत्तर तह उत्तीर्ण गरी ख्याती प्राप्त संघ संस्थामा वरिष्ठ रजिष्ट्रार वा समान पदमा रही काम गरेको,
(ग) सम्वन्धित बिषयमा कम्तीमा छ वटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मध्ये कम्तीमा चारवटा प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको,
(घ) सह-प्राध्यापक पदमा नेतृत्वकारी भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको,
(ङ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

(४) प्राध्यापक -

(क) कम्तीमा पाँच बर्षसम्म सह-प्राध्यापक भई काम गरेको,
(ख) सम्वन्धित बिषयमा कम्तीमा पाँचवटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मा सह-प्राध्यापक पदमा रही कम्तीमा चारवटा प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको,
(ग) सह-प्राध्यापक पदमा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको,
(घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

वा

(क) मान्यता प्राप्त शिक्षण संस्था अन्तर्गत सम्वन्धित विषयमा समान पदमा रही काम गरी सकेको,

माथि जेसुकै लेखेको भएतापनि संस्थाले आवश्यकता प्रत्याभूति गरेमा निम्न मापदण्ड पूरा गरेको भए प्राध्यापक पदमा नियुक्त गर्न सकिनेछ-
(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्ने,
(ख) स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा १५ बर्ष सम्वन्धित बिषयमा अनुभव प्राप्त जस्मा कन्सल्टेण्ट वा सो सरह पदमा कहलिएका स्वास्थ्यसंग सम्वन्धित संघ संस्थामा न्यूनतम ७ बर्ष काम गरेको हुनुपर्ने,
(ग) सम्वन्धित बिषयमा कम्तीमा एघाह्र वटा लेख *Peer Reviewed Journal* मा प्रकाशन गरेको जस्मध्ये कम्तीमा आठवटा प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको,
(घ) प्राध्यापक पदमा नेतृत्वकारी भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको,
(च) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तिमा ख्याती कमाएको ।

**द्रष्टव्य :** (१) फ्याकल्टीतर्फ शैक्षिक योग्यताको हकमा आधारभूत विज्ञान (Basic Sciences- Anatomy, Physiology, Biochemistry, Microbiology, Pharmacology, Community Medicine) तर्फ उपर्युक्त पदहरुको लागि चिकित्साशास्त्र स्नातक (MBBS/BDS) तह उत्तीर्ण गरी सम्वन्धित बिषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्नेछ । न्यूनतम शैक्षिक योग्यता बाहेक माथि तोकिएका अन्य न्यूनतम योग्यताका मापदण्डहरु यथावत लागू हुनेछ ।